

*Copyright from left to right © ICCROM - WCSM - NCAM; © World Monuments Fund; © World Monuments Fund; © Yoohoo Media*

# कनेक्टिङ कल्चरल हेरिटेज

आवेदन गर्न

## यो के हो ?


कनेक्टिङ कल्चरल हेरिटेज ***(Connecting Cultural Heritage)*** सांस्कृतिक सम्पदाको संरक्षणमा संलग्न व्यक्तिहरूका लागि अन्तर्राष्ट्रिय सहकर्मी तथा सहयोगी सिकाइ कार्यक्रम हो। 11 महिनासम्म अनलाइन सत्रहरूको शृङ्खला मार्फत, कार्यक्रमले सांस्कृतिक सम्पदा संरक्षणमा के उपयोगी हुन्छ (र के उपयोगी हुँदैन) भन्ने विषयमा केन्द्रित रहेर, एक अर्काबाट सिक्न र टेवा प्रदान गर्न 30 व्यक्तिहरूलाई संलग्न गराउने छ।

कनेक्टिङ कल्चरल हेरिटेज ***(Connecting Cultural Heritage)*** सबैलाई आफ्ना अनुभवहरू आदानप्रदानमा सहजीकरण गर्न डिजाइन गरिएको हो: तपाईंले के सिक्नुभयो, तपाईंको अभ्यास, तपाईंका चुनौतीहरू र राम्रा विचारहरू। यसको अन्तिम लक्ष्य भनेको तपाईंको आत्मविश्वास, ज्ञान र सहायता सञ्जालहरू वृद्धि गरेर तपाईंको भविष्यका कामहरूमा तपाईंलाई सहयोग गर्नु हो।

### कार्यक्रमको संरचना

कनेक्टिङ कल्चरल हेरिटेज ***(Connecting Cultural Heritage)*** मध्य पूर्व, उत्तर अफ्रिका, पूर्वी अफ्रिका र दक्षिण एसियाबाट सांस्कृतिक सम्पदा संरक्षणमा काम गर्ने विभिन्न पेसाकर्मी र संस्थाहरूको सहकार्यमा डिजाइन गरिएको थियो। यो तीन वटा 8-हप्ते चक्रहरू मिलेर बनेको छ, प्रत्येक चक्रमा सांस्कृतिक सम्पदा संरक्षणसँग सम्बन्धित फरक-फरक पक्षमा केन्द्रित हुने छ:

1. पहिलो, हामी सांस्कृतिक सम्पदा संरक्षणमा विशेषज्ञको रूपमा तपाईंका अभ्यासहरू अन्वेषण गर्ने छौँ। सम्भावित विषयवस्तुहरूः स्वदेशी र परम्परागत अभ्यासलाई टेवा प्रदान गर्ने, जलवायु परिवर्तनको अर्थ खोज्ने, दिगो विकास र सम्बोधन गर्ने।
2. दोस्रो चक्रमा, हामी व्यवस्थापनका विभिन्न चुनौतीहरूको चर्चा गर्ने छौँ।
   सम्भावित विषयवस्तुहरू: मूल्याङ्कन तथा सिकाइ, कोष व्यवस्थापन, डिजिटलीकरण, अभिलेखीकरण र कागजातहरू र विविधता व्यवस्थापन।
3. अन्तिम चक्रमा, हामी हाम्रो कामको वकालत गर्ने र तर्क/औचित्य प्रस्तुत गर्ने बारेमा विचार गर्ने छौँ।
   सम्भावित विषयवस्तुहरूः साझेदारी र गठबन्धनहरू, सांस्कृतिक सम्बन्धहरू, नीति निर्माताहरूसँग वार्ता गर्ने र सांस्कृतिक सम्पदाका तर्क, प्रमाण र औचित्र पुष्टि गर्ने।



प्रत्येक चक्रमा एक परिचय सत्र हुने छ, त्यसपछि विषयगत साना सामूहिक सत्रहरू हुने छन् र हामी सारांश सत्र सहित समापन गर्ने छौँ । प्रत्येक चक्रपछि, हामीसँग कार्यक्रमको बारेमा विचार व्यक्त गर्ने र सिकाइहरू आदानप्रदान गर्ने समय हुने छ । एक सहभागीको रूपमा, तपाईं प्रत्येक चक्रमा अन्वेषण गरिने सवाल र विषयहरू प्रस्ताव गर्न र छनौट गर्न सक्नुहुने छ ।x

जुलाई 2023 – मे 2024

लगभग कुल 35 घण्टा अनलाइन सत्रहरू, केही अफलाइन कामहरू सहित

कार्यक्रम सत्रहरू जूम मार्फत सञ्चालन गरिने छ ।
अन्य सहभागी र कार्यक्रम डेलिभरी टोलीसँग कुराकानी गर्न एक अनलाइन च्यानल पनि हुने छ ।


कार्यक्रम अङ्ग्रेजीमा सञ्चालन गरिने छ, यद्यपि सीमित भाषाहरूमा सहायता उपलब्ध हुने छ ।

तपाईंलाई तपाईंको सहभागिताका लागि £1200 भुक्तान गरिने छ । यो पहिलो किस्ता कार्यक्रमको सुरुमा र दोस्रो किस्ता कार्यक्रमको सफल समापनपछि गरेर दुई किस्तामा भुक्तान गरिने छ ।

## यो कसका लागि हो ?

कनेक्टिङ कल्चरल हेरिटेज ***(Connecting Cultural Heritage)*** ती व्यक्तिहरूका लागि डिजाइन गरिएको हो:

- जो सांस्कृतिक सम्पदा संरक्षणमा सक्रिय रूपमा संलग्न छन् ।
- जो समुदायका अगुवा/सङ्गठक, सांस्कृतिक सम्पदा पेसाकर्मी, परियोजनाको नेतृत्व/प्रबन्धक जस्ता भूमिकामा छन्
- जोसँग निम्न योग्य देशहरूमध्ये कुनैमा सांस्कृतिक सम्पदा संरक्षणमा काम गरेको अनुभव छ:
    - मध्य पूर्व तथा उत्तर अफ्रिका: अल्जेरिया, इजिप्ट, इराक, जोर्डन, लेबनान, लिबिया, शासित प्यालेस्टाइन क्षेत्र, सिरिया, ट्युनिसिया, यमन
    - पूर्वी अफ्रिका**:** इथियोपिया, केन्या, सुडान, तान्जानिया, युगान्डा
    - दक्षिण एसिया**:** बङ्गलादेश, नेपाल, पाकिस्तान
- जसले अन्तर्राष्ट्रिय सहकर्मीहरूसँग 'सांस्कृतिक सम्पदा संरक्षणमा के उपयोगी हुन्छ' भन्ने बारे साझेदारी गर्ने र सिक्ने प्रतिबद्धता जनाएका छन्



- जोसँग विद्युतीय माध्यमबाट सहभागी हुने क्षमता छ (सामूहिक सत्रहरूमा र सत्रहरू बिचमा जानकारी आदानप्रदान प्लेटफर्महरूमा इन्टरनेट र जुमको पहुँच)
- जोसँग कामचलाउ अङ्ग्रेजी बोल्ने सीप छ

कार्यक्रममा सहभागी हुन आवेदन दिनुपर्ने छ। सहभागीहरूलाई कार्यक्रमका लागि उपयुक्तताको आधारमा र समूहमा सीप, अनुभव र रुचिहरूको राम्रो सन्तुलन मिलाउने उद्देश्य सहित चयन गरिने छ।

हामी पेसागत विकासमा भाग लिनका लागि खर्च लाग्छ भन्ने कुरा बुझ्दछौँ र हामी समानता पहुँचलाई समर्थन गर्न सबै सहभागीहरूलाई थोरै, निर्धारित "सहभागिता शुल्क" प्रस्ताव गर्दछौँ।

## अपेक्षाहरू

यदि तपाईं यस कार्यक्रममा भाग लिन चाहनुहुन्छ भने, हामी तपाईंलाई निम्न कुराहरूको अपेक्षा गर्ने छौँ:

- यस कार्यक्रम र कोहर्ट (समूह) मा सक्रिय रूपमा भाग लिन प्रतिबद्ध हुने।
- सांस्कृतिक सम्पदा संरक्षणका आफ्नै अनुभवको बारेमा बताउन र अरूको कुरा सुन्न तयार हुने।
- सहकर्मीहरूको प्रयास र सन्दर्भ प्रति खुल्ला, इमान्दार र सम्मान गर्ने लगायत सहकर्मी-सिकाइका सिद्धान्तहरू पालना गर्ने।
- आफ्नो सिकाइ र अरूबाट के सिक्न सकिन्छ भन्ने बारे जिज्ञासु रहने।
- तपाईंले कार्यक्रमभन्दा बाहिर आफ्नो समुदाय वा संस्था र सञ्जालहरूसँग सिकाइ र परिणामहरू कसरी आदानप्रदान गर्न सक्नुहुन्छ भनेर विचार गर्ने।
- आफ्नो सिकाइका लागि जिम्मेवारी लिने। हामी तपाईंलाई अन्वेषणका लागि एक विशेष क्षेत्र पहिचान गर्न र कार्यक्रमको क्रममा व्यक्तिगत "लर्निङ लग" वा डायरी मार्फत यसको ट्र्याक राख्न आमन्त्रित गर्ने छौँ।
- प्रत्येक चक्रमा सबै पूर्ण-सामूहिक सत्रहरू र कम्तीमा तीन वटा साना समूह सत्रहरूमा भाग लिने।
- मूल्याङ्कन प्रयोजनका लागि कार्यक्रम भरि आफ्नो अनुभव व्यक्त गर्ने र प्रतिक्रिया प्रदान गर्ने।

## म कसरी आवेदन गर्न सक्छु ?


आवेदन गर्न

आवेदन गर्न, कृपया यो आवेदन फाराम भर्नुहोस्।

यदि तपाईं माथि उल्लिखित आवेदक प्रोफाइलसँग मेल खाने हुनुहुन्छ भने, कृपया आवेदन प्रश्नहरूको तोकिएको शब्द सीमाभित्र रही उत्तर दिन सक्नुहुने छ। तपाईंले पूर्ण शब्द सीमा प्रयोग गर्नुपर्दैन वा हामीलाई विशेष परियोजनाहरूको बारेमा धेरै विवरण दिनुपर्दैन तर सांस्कृतिक सम्पदा संरक्षणमा तपाईंका विभिन्न रुचि र अनुभवको राम्रो बुझाइ प्रदान गर्नु उपयोगी हुने छ।

## तपाईंको आवेदन पेस गर्दा

तपाईंको आवेदन फाराम पूर्ण रूपमा भरिसक्नुभएपछि, कृपया आवेदन गर्न 'पेस गर्नुहोस्' बटन क्लिक गर्नुहुन नभुल्नुहोस्। तपाईंले आवेदन पेस गर्नुभएको पुष्टि गर्न तपाईंलाई इमेल पठाइने छ।



कृपया तपाईंको आवेदन 19 जुन 2023 9:00 BST को अन्तिम म्यादभित्र पेस गरिने कुरा सुनिश्चित गर्नुहोस्, किनकि तपाईंको आवेदन अन्तिम म्यादपछि पेस गरिएको खण्डमा छनोटका लागि सामे ल गरिने छैन।

## छनोट प्रक्रिया

पारदर्शी मूल्याङ्कन प्रक्रिया अपनाएर, कार्यक्रम सहभागीहरूको अन्तिम छनोट निम्न मापदण्डहरूमा आधारित हुने छ:

- तपाईं अपेक्षित प्रोफाइलसँग कत्तिको राम्रोसँग मेल खानुहुन्छ (माथिको यो कसका लागि हो हेर्नुहोस्)
- अरूसँग सम्बन्ध गाँस्ने र सांस्कृतिक सम्पदा संरक्षणका लागि 'के उपयोगी हुन्छ' भन्ने विषयमा योगदान पुर्‍याउनमा तपाईंको रुचि
- कार्यक्रम र यसका उद्देश्यहरूमा तपाईंका रुचि र अनुभवको सान्दर्भिकता
- सीप, रुचि र पेसागत अनुभवको राम्रो मिश्रण प्राप्त गर्ने (लम्बाइ र अनुभवको प्रकार लगायत, चाहे तपाईंले सामुदायिक सेटिङभित्र होस् वा सम्पदा संगठनभित्र सम्पदामा काम गर्नुभएको होस्)
- योग्य देशहरूका वास्तविक जीवनका अनुभव, लैङ्गिक तथा भौगोलिक फैलावटको मिश्रण प्राप्त गर्ने

कार्यक्रम अङ्ग्रेजीमा सञ्चालन गरिने छ, यद्यपि हामी केही अनुदित सामग्रीहरू उपलब्ध गराउन र सत्रहरूमा सीमित भाषाहरूमा केही दोभाषे सहायता प्रदान गर्न सक्षम हुने छौँ।

माथिका छनोट मापदण्डका आधारमा आवेदनहरू लघुसूची तयार गरिने छ। प्यानलले सांस्कृतिक सम्पदा संरक्षणमा सीप, अनुभव र रुचिको सन्तुलन जस्ता पक्षहरूलाई ध्यानमा राखी अन्तिम निर्णयहरू गर्ने छ।

तपाईंको आवेदनको नतिजाको सम्बन्धमा तपाईंलाई 26 जुन 2023 सम्ममा इमेल मार्फत सम्पर्क गरिने छ। यदि तपाईंलाई छनोट गरियो भने तपाईंलाई सिकाइ सम्झौतामा हस्ताक्षर गर्न अनुरोध गरिने छ जसमा कार्यक्रममा तपाईंको भूमिका, जिम्मेवारी र प्रतिबद्धताको रूपरेखा प्रस्तुत गरिएको हुने छ।


## प्रश्नहरू र थप जानकारी

यदि तपाईंसँग कार्यक्रम वा आवेदन प्रक्रियाको बारेमा कुनै प्रश्नहरू छन् भने, कृपया caitlin.wagner@theaudienceagency.org मा इमेल गर्नुहोस्।

यदि तपाईं कार्यक्रमको बारेमा थप जानकारी चाहानुहुन्छ र तपाईंको क्षेत्रमा रहेका हाम्रा साझेदारहरूमध्ये कुनैसँग सम्पर्क गर्न चाहनुहुन्छ भने, कृपया सम्बन्धित साझेदारलाई ईमेल गर्नुहोस्:

- मध्य पूर्व तथा उत्तर अफ्रिका: Al-Mawred Al-Thaqafy (आल-मावरेद आल-थकाफी)
- पूर्वी अफ्रिका: Bayimba Foundation (बेइम्बा फाउन्डेसन)
- दक्षिण एसिया: Asia-Europe Foundation (एसिया-युरोप फाउन्डेसन)

हामी 08 जुनको बिहान 9 बजे BST छोटो संक्षिप्त जानकारीमूलक सत्र सञ्चालन गर्ने छौँ। त्यति बेला हामी कार्यक्रमको बारेमा तपाईंका कुनै पनि प्रश्नहरूको जवाफ दिन सक्ने छौँ। संक्षिप्त जानकारीमूलक सत्र अङ्ग्रेजीमा सञ्चालन हुने छ। उपस्थिति स्वैच्छिक हुन्छ र उक्त कार्यक्रम सम्पन्न भइसकेपछि सत्रका टिपोटहरू यस पृष्ठमा प्रकाशित गरिने छ। कृपया आफ्नो उपस्थिति दर्ता गर्नुहोस् र सत्रको लिङ्क यहाँ प्राप्त गर्नुहोस्।



## हाम्रो बारेमा

कनेक्टिङ कल्चरल हेरिटेज *(Connecting Cultural Heritage)* ब्रिटिस काउन्सिल कल्चरल प्रोटेक्सन फन्ड (British Council Cultural Protection Fund) को 'व्हाट वर्क्स' (What Works) कार्यक्रमको एक हिस्साको रूपमा दि अडियन्स एजेन्सी (The Audience Agency), बेइम्बा (Bayimba), एसिया - युरोप फाउन्डेशन (Asia - Europe Foundation) र कल्चर रिसोर्स (Culture Resource) द्वारा सञ्चालित छ।

कनेक्टिङ कल्चरल हेरिटेज *(Connecting Cultural Heritage)* ब्रिटिस काउन्सिलले सांस्कृतिक संरक्षण कोषको कार्यको एक अङ्गको रूपमा पेसाकर्मीहरूको आत्मविश्वास, ज्ञान र सञ्जालहरूको विकासमा मद्दत गर्नका लागि कमिसन (स्वीकृत) गरेको थियो। यस कार्यक्रमले ब्रिटिस काउन्सिलको सहकर्मी तथा सहयोगात्मक सिकाइ विधिका लागि सिकाइ र उत्कृष्ट अभ्यासलाई सूचित गर्न पनि मद्दत गर्ने छ।

सांस्कृतिक संरक्षण कोष (CPS) बेलायत सरकारको डिजिटल, संस्कृति, सञ्चार तथा खेलकुद विभाग (DCMS) सँगको साझेदारीमा ब्रिटिस काउन्सिलको नेतृत्वमा सञ्चालित छ। कोषको मुख्य उद्देश्य सांस्कृतिक सम्पदाको संवर्द्धन, संरक्षण र प्रवर्द्धन गर्ने क्षमता निर्माण गरी सामाजिक तथा आर्थिक विकासका लागि दिगो अवसरहरू सिर्जना गर्न मद्दत गर्नु हो। CPF ले साँस्कृतिक सम्पदा स्थल र वस्तुहरूलाई सुरक्षित राख्नुका साथै सांस्कृतिक सम्पदाको रेकर्डिङ, संरक्षण र पुनर्स्थापनामा सहयोग गर्ने परियोजनाहरूलाई अनुदान प्रदान गर्दछ। यसले स्थानीय समुदायहरूलाई उनीहरूको सांस्कृतिक सम्पदाको सम्मान, हेरचाह र लाभ उठाउन दीर्घकालीन रूपमा सक्षम र सशक्त बनाउँदै प्रशिक्षण र शिक्षाका लागि अवसरहरू पनि प्रदान गर्दछ। 2016 देखि सांस्कृतिक संरक्षण कोषले 16 देशहरूमा 112 परियोजनाहरूलाई £35m (3 करोड 50 लाख) भन्दा बढी अनुदान प्रदान गरेको छ।

कनेक्टिङ कल्चरल हेरिटेज *(Connecting Cultural Heritage)* सांस्कृतिक संरक्षण कोषको 'ह्वाट वर्क्स' कार्यक्रमको एक हिस्सा हो, जसले अन्तर्राष्ट्रिय सम्पदा संरक्षण क्षेत्रका पेसाकर्मी र अन्य निर्णयकर्ताहरूलाई उत्कृष्ट उपलब्ध प्रमाणहरू उपलब्ध गराएर सांस्कृतिक सम्पदा संरक्षण र स्थानीय समुदायहरूका लागि बृहत्तर परिणामहरूलाई समर्थन गर्ने लक्ष्य राख्दछ। सूचित अनुसन्धान, निर्णय लिने विधि, उत्कृष्ट अभ्यासहरू र सिकेका पाठहरू आदानप्रदान गरेर, यसले सांस्कृतिक सम्पदा संरक्षण र विकास क्षेत्रहरूमा थप समन्वयात्मक प्रभावमा योगदान पुर्‍याउँदै थप सहकार्य प्रवर्द्धन गर्ने लक्ष्य राख्दछ। ह्वाट वर्क्स विधि सांस्कृतिक सम्पदा संरक्षणमा उच्च गुणस्तरको प्रयोज्य प्रमाणहरूमा बृहत्तर पहुँच; प्रमाण प्रयोग गर्नमा बढ्दो उत्प्रेरणा; राम्रोसँग प्रमाण प्रयोग गर्ने क्षमतामा सुधार र निर्णय लिने प्रक्रियामा प्रमाणहरू प्रयोग गर्ने अवसरहरूमा वृद्धि जस्ता विषयहरूमा केन्द्रित छ।

तलका लोगोहरूमा क्लिक गरेर साझेदारहरूको बारेमा थप जानकारी प्राप्त गर्नुहोस्:

the audience agency

BRITISH COUNCIL | BAYIMBA

Culture Resource المورد الثقافي | ASIA-EUROPE FOUNDATION